चम्केलान् त अखिलेश? ४ खुर्सानी खानुको फाइदा ५ डेभिड वार्नरको अर्को कीर्तिमान ६

PAKSAM
An exclusive centre for animal lovers
3592280389 (Deorali)
03592276376 (Jorethang)
3592203012 (Gangtok)
03592280016 (Tadong)
9832093745 (Namchi)
www.paksamgroup.com

सिक्किम र आसामबाट एकैसाथ प्रकाशित

# हाम्रो प्रजाशक्ति

SIKKIM SUPER 30, ADMISSION IN CLASS XI (ARTS/SC/COM) CBSE
- Regular Class with practical (During day)
- Regular Class for Medical/Engg/CDS/NDA/CA
- Other Entrance Exams during (Morning & Evening)
- Best Faculty from reputed Institutes Lab equipped with modern Equipment's Board-ing Facilities with Greendale, SSS Board-ing Compulsory CT-8391808413

■ वर्ष - १७, अंक - २९६ ■ वि.सं. २०७३, पुस २३ गते ■ गान्तोक, शनिवार ०७ जनवरी, २०१७ www.hamroprajashakti.com ■ JANUARY 07, 2017, SATURDAY, GANGTOK ■ मूल्य ₹ ५/-

## रोजभेल्ली काण्डःसीबीआईको नजर उत्तर बंगालका मन्त्रीमाथि

**सिलगढी, ६ जनवरीः** केन्द्रिय अन्वेषण ब्यूरो(सीबीआई)ले एकातिर तृणमूल कंग्रेसका दुई सांसदहरुलाई रोजभेल्ली चिटफण्ड घोटालामा पक्राउ गरेको छ भने तृणमूल पार्टीका अझ तीनवटा नेता र ममता सरकारको दुई अन्य मन्त्रीहरुको नाम पनि थप अघि आएको छ। शारदा चीटफण्ड काण्डभन्दा पनि ठूलो धोखाधडीको काण्ड मानिएको यस रोजभेल्ली चीटफण्ड काण्डको जाँचमा यस केन्द्रिय एजेन्सिले उत्तर बंगालका एक मन्त्री र अन्य तृणमूल कंग्रेसका नेताहरुलाई पनि सोधपुछको लागि बोलाउने भएको छ।




आर्थिक मामिलाबारे गुप्तचरी र जाँच गर्ने प्रवर्तन विभाग अर्थात इन्फोर्समेन्ट डाइरक्टेट (ईडी)अनुसार तृणमूल कंग्रेसका थुप्रै ठूला नेताहरु ईडीको निगरानीमा छ। मनी लण्डरिङ मामिलामा बंगालका थुप्रै तृणमूल नेताहरु संगलग्न रहेको र ईडीसित यसको पोख्त प्रमाण रहेको बताइएको छ। ईडीले यसको सूचना सीबीआईलाई साझे गरेर अनुसन्धान लाई अझ अघि बढाएको छ।

२०१५ मा ईडीले बुझाएको रिपोर्टमा ममता ब्यानर्जीको केबिनेटका दुई मन्त्रीहरुको नाम पनि उल्लेख गरेको छ जसमा एक वरिष्ठ मन्त्रीको नाम रहेको छ भने अन्य एक मन्त्रीमा उत्तरबंगालबाट रहेको छ। यस्ता धोखाधडीकाण्ड र घोटालाहरुमा उत्तर बंगालका कुनै पनि नेताहरुको नाम अहिलेसम्म मुछिएको थिएन। तर ईडीले आफ्नो रिपोर्टमा उत्तर बंगालका तृणमूल कंग्रेस सरकारका एक मन्त्रीको नाम अघिल्लो स्थान दिएर उल्लेख गरेको जान्नमा आएको छ। यसको साथै रिपोर्टमा तृणमूल कंग्रेसको विद्यार्थी शाखाको भूतपूर्व अध्यक्ष पनि यस चीटफण्डकाण्डमा संगलग्न रहेको उल्लेख गरिएको छ।

शारदाकाण्डभन्दा पनि अधिक आर्थिक घोटाला भएको यस रोजभेल्ली घोटालामा उत्तर बंगालका सो मन्त्रीको सक्रिय संगलग्नता रहेको बताइएको छ। रिपोर्टमा ईडीले यो पनि बताएको छ कि कलकत्ताका एक मन्त्रीले रोजभेल्ली अध्यक्ष गौतम कुण्डुलाई रोजभेल्ली मुद्दामा सहयोग गरेको अथवा प्रभावमा ल्याएर सहयोग पुऱ्याएका थिए साथै सो मन्त्रीले आफ्नो छोरीलाई कुण्डुसित परिचय गराउँदै इन्टरियर डेकोरेसन व्यवसाय शुरु गर्न लगाएका थिए।

यता उत्तर बंगालका सो मन्त्रीले मुख्यमन्त्री ममता ब्यानर्जी उत्तर बंगालको भ्रमणमा आउँदा रोजभेल्लीका मालिक गौतम कुण्डुलाई परिचय गराएको रिपोर्टमा उल्लेख गरिएको छ। यसरी नै सिलगढी र डुवर्समा कुण्डुको होटल व्यवसाय र शैक्षणिक संस्थानहरु शुरु गर्नमा सो मन्त्रीले सहयोग गरेका थिए। रिपोर्टमा तृणमूल कंग्रेसको विद्यार्थी शाखाका पूर्व अध्यक्षको नाम पनि निकै अघिल्लो स्थानमा रहेको छ। सो युवा नेताको नाम शारदा घोटालामा पनि मुछिएको थियो, भने यसपटकको रोजभेल्लीमा तिनको नाम मुछिएको छ। यस युवा नेताले रोजभेल्लीको आक्रमकढंगले मार्केटिङ गर्थे अनि यस कम्पनीका एजेन्टहरुलाई पैसा संग्रह गर्नमा प्रशिक्षण दिनेगर्थे। तिनी तृणमूल कंग्रेसका महासचिव पनि भने रोजभेल्ली ग्रुपविरुद्ध कुनै पनि मामिलालाई तिनले सम्हाल्ने गर्थे।

## कर्मापाबारे भ्रामक बयान नदिने नेताहरूलाई सुझाउ

**गान्तोक, ६ जनवरीः** सिक्किममा समस्त जनताप्रति नयाँ वर्षको शुभकामना अभिव्यक्त गर्दै डेञ्जोङ मोनस्टरिज छोगचेन(डीएमसी)-ले नयाँ वर्ष २०१७-मा परम पावन १७ औं कर्मापा उगेन थिन्ले दोर्जेको सिक्किम आगमनको ठूलो आशामा रहेको बताउँदै सिक्किमका मुख्यमन्त्रीले फोदोङ अनि रालाङ गुम्पामा परम पावन १७ औं कर्मापालाई २६ अनि २७ दिसम्बर २०१६-मा निम्ताएको जुन दाबी गरेका थिए, यस विषयमा मुख्यमन्त्रीले स्पष्टीकरण नदिएकोमा आश्चर्य प्रकट गरेको छ।

परम पावन १७ औं कर्मापाको सिक्किम आगमनको निम्ति मुख्यमन्त्रीले निश्चित गरेका उक्त मितिमा सबैले प्रतीक्षा गरेको तर मुख्यमन्त्रीको दाबी यथार्थतामा परिणत नभएर यस विषयमा कुनै स्पष्टीकरण नपाएको प्रेस विज्ञप्तिमा जनाइएको छ। यसको अतिरिक्त नयाँ वर्षको अवसरमा राज्यसभा सांसद हिस्से लाचुङपा अनि विधायक डा. मिचुङ भोटियाको बयानलाई सिक्किमका मुख्यमन्त्रीको भ्रामक निम्तोलाई अझै भ्रमपूर्ण बनाएको डीएमसी-ले बताएको छ।

डीएमसी-ले यी राजनीतिज्ञहरूलाई जनतालाई भ्रमित बनाउने यस प्रकारका बयान नदिने आग्रह गर्दै सिक्किमका यी राजनीतिक नेताहरूलाई परम पावन १७ औं कर्मापाको सिक्किम प्रवेशको अनुमतिको प्रसङ्गमा कतिपल्ट केन्द्रिय मन्त्रीसंग भेटवार्ता गरे, यस विषयमा जिज्ञासा प्रकट गरिएको छ। गान्तोकस्थित बीएल हाउसमा चलिरहेको अनशन साथै डेञ्जोङ ल्हाडेको समर्पित कार्यक्रमले परम पावन १७ औं कर्मापा उगेन चिन्ले दोर्जेको सिक्किम आगमन सुनिश्चित हुने विषयमा कर्मापा उगेन थिन्ले दोर्जेको सिक्किम आगमन सुनिश्चित हुने विषयमा विश्वस्त रहेको डीएमसीले प्रेस बयानमा जनाएको छ।

## एमजीनरेगाका कर्मचारीलाई एसडीएफ पार्टी कार्यालय मरम्मति गर्न लगाएको आरोप

**गान्तोक, ६ जनवरीः** एमजीनरेगा अन्तर्गत काम गर्ने कर्मचारीलाई एसडीएफ पार्टी कार्यालय मरम्मतिको काममा खटाएको एसकेएमले आरोप लगाएको छ। एसकेएम पार्टीका प्रचार सचिव विकास वस्नेतद्वारा जारी विज्ञप्तिमा भनिएको छ, पश्चिम सिक्किमको याङथाङ निर्वाचन क्षेत्र अन्तर्गत दरापमा एसडीएफ पार्टीको समष्टिस्तरीय पार्टी कार्यालयमा यसको ढलाईदेखि लिएर सम्पूर्ण कामहरु एमजीनरेगाको कामदारहरुलाई खटाइएको एसकेएम पार्टीलाई थाहा लागेको छ। पश्चिम सिक्किमका एसकेएम युवा संयोजक जनक गुरुङ अनि याङथाङ निर्वाचन क्षेत्रकै एसकेएम पार्टीका अध्यक्ष बीआर सुब्बाको साथमा रहेको एसकेएम टोलीले सो पार्टी कार्यालयको भ्रमण गरेर कामदारहरुलाई प्रश्न गर्दा एसडीएफ पार्टीका कार्यकर्ताहरु नरबहादुर लिम्बु र सञ्चबहादुर लिम्बुले उनीहरुलाई सो कामको निम्ति खटाएको कुरो सुन्नमा आएको बस्नेतले विज्ञप्तिमा उल्लेख गरेका छन्। जनक गुरुङको अगुवाईमा रहेको यस टोलीले सम्बन्धित विभागमा उजुरी गरेको पनि बताइएको छ।



वर्तमान सरकारको यस्तो मोनोपोली नीतिलाई एसकेएम पार्टी पूर्ण रूपमा खण्डन गर्दछ। अबोप्रान्त यस्ता अनैतिक कार्यहरु देखापरेमा दोषीहरुको विरुद्धमा कड़ा कानूनी कारवाही गर्ने एसकेएम पार्टी चेतावनी दिँदछ, विज्ञप्तिमा भनिएको छ।

## छिनताइको घटनामा कुख्यात अपराधी पक्राउ

**सिलगड़ी, ६ जनवरी।** मतिगड़ाको उत्तरायणसंलग्न ३१ नम्बर राष्ट्रिय मार्गमा भएको छिनताइको घटनामा मतिगड़ा पुलिसले नीरज थापा (२२) नामक एकजना कुख्यात अपराधीलाई पक्राउ गरेको छ। पुलिसले दावी गरेअनुसार छिनताइ गरिएका सामानहरू पनि नीरजबाट उद्धार गरिएको छ। मतिगड़ा थानाका ओसी सञ्जय घोषले बताएअनुसार छिनताइको घटना भएको २४ घण्टाभित्र नै घटनामा संलग्न नीरज थापालाई पक्राउ गरिएको हो।

स्मरण रहोस्, बिहारको समस्तीपुरबाट फर्किरहेका सीपीडब्ल्युडी विभागका कर्मचारी सुरेन्द्र कुमार महताे बुधवार बिहान प्रायः साढ़े चार बजी यहाँको उत्तरायणनजीक बसबाट ओर्लिएका थिए। बसबाट ओर्लिएर घर जाने क्रममा नै केही अपराधीहरूले तिनीबाट सुनको औंठी, नगदी चार हजार रुपियाँलगायत मोबाइल फोन र अन्य सामानहरू खोसेका थिए। यस अवधि अपराधीहरूले धारिलो हतियारले सुरेन्द्र कुमारलाई आक्रमणसमेत गरेका थिए। सुरेन्द्र कुमारले त्यस घटना सम्बन्धमा मतिगड़ा थानामा लिखित अभियोग जनाएका थिए। त्यसै घटनाको जाँचमा ओर्लिएर पुलिसले कुख्यात अपराधी नीरज थापालाई खोसिएको सामानसहित पक्राउ गरेको हो।

## कालेबुङ-दार्जीलिङबाट सयभन्दा धेर परिवार गोजमुमोमा सामेल



**दार्जीलिङ,६ जनवरी।** कालेबुङ अनि दार्जीलिङ भेकबाट १०० परिवारभन्दा अधिक अन्य राजनैतिक दलका समर्थकहरू गोजमुमोमा सामेल भएका छन्।

शुक्रवार कालेबुङ ४४ नम्बर समष्टिअन्तर्गत सामसिङ, कुमाइ अनि तीनकटरे क्षेत्रबाट ५८ परिवार जाप अनि तृणमूल कंग्रेसका कार्यकर्ताहरू गोजमुमोमा सामेल भए भने दार्जीलिङको लोवर गोक, सुनसरी गाउँबाट ६२ परिवार तृणमूल कंग्रेस समर्थकहरू पनि गोजमुमोमा सामेल भएका छन्। यसबाहेक तकदा टिस्टाभेल्ली क्षेत्रबाट पनि ३ परिवार गोरामुमोका समर्थकहरू पनि गोजमुमोमा सामेल भएका छन्। तकदा टिस्टाभेल्ली क्षेत्रबाट गोर्खा राष्ट्रिय नारी मोर्चा, दार्जीलिङ ब्राञ्च कमिटीकी सहसचिव सुजाता तामाङलगायत अन्य गोरामुमो समर्थकहरू पनि गोजमुमोमा सामेल भएका छन्। सुजाता तामङ तकदा-टिस्टा भेल्ली क्षेत्रकी प्रभावशाली गोरानिमो नेत्री थिइन्। पहाड़मा धेरैवटा राजनैतिक दलहरू भएतापनि गोरखा अनि गोरखाल्याण्डको पक्षमा गोजमुमोको कार्यमा विश्वास गरेर साथ दिन आउने समग्र नयाँ कार्यकर्ताहरूलाई गोजमुमो हार्दिक स्वागत जनाउँदछ भन्दै मोर्चा सूत्रले गोजमुमो पहाड़मा अझैसम्म सशक्त राजनैतिक दलको रूपमा स्थापित रहेको र गोजमुमो रहुञ्जेल गोर्खा अनि गोर्खाल्याण्ड मुद्दालाई कसैले पनि दमन गर्न नसक्ने दावी गरेको छ।

## हवाइअड्डा निर्माणले धेरै क्षति पुऱ्याएको छः भाजपा

**गान्तोक, ६ जनवरी:** आज भारतीय जनता पार्टी सिक्किम प्रदेश पूर्व जिल्ला अध्यक्ष सुरेश खनालको अगुवाईमा एक टोलीले रिनाक समष्टिको छलमथाङ गाउँ र पाकिम हवाई अड्डाको भ्रमण गऱ्यो। यस अवसरमा छलमथाङका जनतासित भेटघाट गरी उनीहरूले २२ वर्षसम्म भोग्न परिरहेको व्यापक समस्याबारे चर्चा परिचर्चा गरियो। यस्तै प्रकारले छलमथाङ डुगालाखा फाटकका गाउँले जनताले पाकिम हवाई अड्डा निर्माणमा भोग्न परिरहेको समस्याबारे कुराकानी गरियो। हवाई अड्डाको निर्माण कार्यले क्षेत्रका गाउँ-घरहरूमा धेरै क्षति पुऱ्याएको पनि भ्रमणमा जिल्ला अध्यक्षलाई बताए। अहिले यस भेकका जनताका घरहरू बस्न नसक्ने अवस्थामा पुगेको, खेती गर्ने

▶रहल पाता २-मा

## २८ लाखको गाँजासहित दुइ भाइ पक्राउ

**सिलगड़ी, ६ जनवरी।** पुलिस र सशस्त्र सीमा बल (एसएसबी)-को संयुक्त अभियानमा सिलगड़ीबाट गाँजासहित दुइ भाइलाई पक्राउ गरियो। दुवै भाइबाट लाखौं रुपियाँ मूल्यको गाँजा पनि जफत गरिएको छ। सिलगड़ी थानाका पुलिस र एसएसबीको ४१ नम्बर बटालियनले सिलगड़ी नगरनिगमको २८ नम्बर वार्ड अन्तर्गत टिकियापाड़ामा एउटा घरमा छापा मारेर दुवै भाइलाई गाँजासहित पक्राउ गरेको हो। पुलिस सूत्रले जनाएअनुसार टिकियापाड़ाका बासिन्दा अमूल्य सरकार र विश्व सरकारले विगत धेरै दिनदेखि गाँजा तस्करीको कार्य गर्दै आइरहेका थिए। दुवैले सिलगड़ी लगायत उत्तर बंगालका

▶रहल पाता २-मा

## नयाँ वर्षमा जीटीएद्वारा ८ वटा वाहन प्रदान

**दार्जीलिङ,६ जनवरी।** गोर्खाल्याण्ड क्षेत्रीय प्रशासनले पर्यटक अनि स्थानीय मानिसहरूलाई नयाँ वर्षको भेटस्वरूप चारवटा बस अनि चारवटा गाड़ीहरू दिएको छ। स्थानीय गोर्खा रंगमञ्च भवनमा जीटीए प्रमुख विमल गुरुङले पूजा-अर्चना यी वाहनहरू प्रदान गरयो। यी वाहनहरू एनजेपीदेखि पहाड़ चढ्नेछन्। यस अवसरमा पत्रकारहरूलाई सम्बोधन गर्दै विमल गुरूङले यसभन्दा अघि पनि जीटीएले पर्यटकहरू अनि स्थानीय मानिसहरूको सुविधालाई ध्यानमा राख्दै ल्याएको ब्याट्रीले चल्ने गाड़ीहरू अहिले बिग्रिएको कारणले थन्किएको बताउँदै यी नयाँ गाड़ीहरू पनि त्यस्तो नहोस भन्ने हेतुले विभागले यिनीहरूप्रति दृष्टि राख्ने जनाए। यी आठवटा गाड़ीहरू जीटीए सभाको पर्यटन विभागले पर्यटक अनि स्थानीय मानिसहरूको



सुविधालाई ध्यानमा राख्दै ल्याएको जानकारी गराउँदै गुरुङले पर्यटन विभागलाई शुभकामना दिए।

गुरुङले जीटीए सम्झौतालाई राज्य सरकारले पालन नगरेकोमा आफूहरूले धेरैपल्ट राज्य सरकारलाई अपील गर्दा पनि तिनीहरूले पत्तो नदिँदा न्यायको माग गर्दै सर्वोच्च न्यायालयमा याचिका दर्ता गरेकोमा न्यायालयले यस विषयमा राज्य सरकारलाई चार साताभित्र जवाफ दिनुपर्ने निर्देश दिएको बताउँदै सर्वोच्च न्यायलयले यसबारे कस्तो निर्णय लिन्छ त्यसतिर आफूहरूको दृष्टि रहेको जनाए। यस दिनको कार्यक्रममा पर्यटन विभागीय सचिव गोपाल लामा, विभागीय सभासद् अनि अधिकारीहरूको उपस्थिति थियो।

## फरवरीमा रद्द हुनेछ पुरानो राशिन कार्ड

### धेरैले दुइ रुपियाँ किलोमा चामल-गहुँ नपाउने

**कलकत्ता, ६ जनवरी।** राज्य सरकारले आउँदो महीनादेखि पुरानो राशिन कार्डमा दुइ रुपियाँ किलोग्रामको दरले चामल र गहुँ दिनु बन्द गर्नेछ। ग्राहकहरूले नयाँ राशिन कार्ड देखाएर चामल र गहुँ उठाउनुपर्नेछ। राज्यको खाद्य मन्त्रालयले यसबारे एउटा निर्देश जारी गरेको छ। विधानसभा चुनाउअघि पोहोर जनवरी महीनामा मुख्यमन्त्री ममता ब्यानर्जीको निर्देशमा पुरानो राशन कार्डमा दुइ रुपियाँ किलोग्रामको दरले प्रत्येक व्यक्तिलाई महीनामा पाँच किलोग्राम गरेर चामल र गहुँ दिइन थालिएको थियो। राशिन कार्ड धारकहरूको एउटा ठूलो समूह नै विविध कारणले केन्द्र र राज्य खाद्य सुरक्षा परियोजनाको परिधिबाट बाहिर भएपछि मुख्यमन्त्रीको निर्देशमा यस्तो पदक्षेप चालिएको थियो। तर सरकारले त्यो सुविधा नियमित गर्न सबै राशिन कार्ड धारकहरूलाई नयाँ कार्डको निम्ति निर्दिष्ट फारम भरेर आवेदन गर्न भनेको थियो। त्यसै नयाँ आवेदनको आधारमा तयार गरिएको नयाँ राशिन कार्ड वितरण गर्ने प्रक्रिया बितेको १६ दिसम्बरदेखि शुरू गरिएको छ। नगरपालिका, नगरनिगम र पञ्चायत मार्फत नयाँ राशिन कार्ड बाँड्ने कार्य गरिँदैछ। तर सरकारले यसबारे धेर प्रचार-प्रसार गरेको छैन। एकदमै कम्ती ग्राहकहरूले अहिलेसम्म नयाँ राशिन कार्ड संग्रह गरेको राज्य खाद्य मन्त्रालय सूत्रले जनाएको छ। खाद्य मन्त्रालयले दावी गरेअनुसार दार्जीलिङ, जलपाइगड़ी र अलिपुरद्वार जिल्लाबाहेक अन्य सबै ठाउँमा नै नयाँ राशिन कार्ड वितरण प्रक्रिया प्राय समाप्तितिर छ। उल्लिखित तीनै जिल्लामा पनि केही दिनभित्र नयाँ राशिन कार्ड वितरण प्रक्रिया थालिनेछ।



नयाँ राशिन कार्ड शुरू भएपछि अहिले दुइ रुपियाँ किलोग्रामको दरले महीनामा पाँच किलोग्राम चामल र गहुँ पाइरहेका धेरै ग्राहकले त्यो पाउने छैनन् किनभने नयाँ आवेदनकारीहरूको एउटा ठूलो अंशलाई राज्य सरकारको दुइ नम्बर खाद्य सुरक्षा परियोजनाको परिधिभित्र ल्याइएको छ। यो परियोजना अन्तर्गत महीनामा प्रति व्यक्तिलाई एक किलोग्राम गरेर चामल र गहुँ दइनेछ। तिनीहरूले १३ रुपियाँ किलोग्रामको दरले चामल र ९ रुपियाँ किलोग्रामको दरले गहुँ किन्नुपर्नेछ। तर केन्द्रिय खाद्य सुरक्षा परियोजना अनि राज्य सरकारको एक नम्बर खाद्य सुरक्षा परियोजनामा राशिन कार्डधारकहरू प्रत्येकले महीना पाँचदेखि सात किलोग्राम चामल र गहुँ दुइ रुपियाँ किलोग्रामको दरले पाइरहने छन्। केन्द्रिय खाद्य सुरक्षा परियोजनाको परिधिभित्र ६ करोड़ एक लाख राशिन कार्डधारकहरू परेका छन् भने राज्यको दुवै खाद्य सुरक्षा परियोजनाको परिधिभित्र प्रायः दुइ करोड़ राशिन कार्डधारकहरू पर्छन्। खाद्य मन्त्रालय सूत्रबाट प्राप्त जानकारीअनुसार यसमध्ये पनि प्रायः एक करोड़ २० लाख राशिन कार्डधारक राज्यको दुइ नम्बर खाद्य सुरक्षा परियोजनाको परिधिभित्र पर्छन्।

यसैबीच, राशिन डिलरहरूले नयाँ व्यवस्था शुरू हुने विषयमा थरीथरीका आशंकाहरू व्यक्त गरेका छन्। अल इण्डिया फेयर प्राइस शप डिलर्स फेडरेशनका महासचिव

▶रहल पाता २-मा